# किसानका साथी - लघु महाचील



लेखक: सन्देश गुरुङ, तुल्सी राम सुवेदी, धीरज चौधरी

सर्वाधिकार हिमाली प्रकृतिमा सुरक्षीत

२०७९

**प्राविधिक सल्लाहः** डा. हेमसागर बराल

**चित्रः** दिपा गुरुङ

**लेआउट र डिजाइनः**

**छपाईः** ......प्रकाशन

© सर्वाधिकार सुरक्षित । नेपालको प्रतिलिपि अधिकार कानून अन्तर्गत यस प्रकाशनको कुनै पनि अंश वा परिमार्जीत स्वरुप हिमाली प्रकृतिको अनुमति बिना छाप्न वा पुनः प्रकाशन गर्न पाइने छैन ।

**थप जानकारीका लागिः**

हिमाली प्रकृति


पोष्ट बक्स नं.: १०९१८

फोनः +९७७१४५९४०३७, ४५९८१४१

इमेल : info@himalayannature.org


एउटा गाउँको नजिकै एक जोडी चीलका भाले पोथी बस्दछन् ।
चैत महिनाको समय हुन्छ, यी चीलका जोडीले एउटा किसानको घर नजिकको सिसोको रूखमा गुँड बनाउँछन् । केही दिनमा पोथी चीलले गुँडमा अण्डा पर्छ ।
तिमी एकैछिन अण्डाको हेरविचार गर। म , हाम्रो लागि आहारा खोजेर आउँछु।
आहा! मुसा पो ।
लौन चिल, मर्छु कि के हो आज त।
उ हेर त, कति ठूलो चील ! यसले त हामीले पालेको कुखुरा, हाँस खाइदिन्छ होला ।


बचाऊ!!
अब यसलाई यहाँबाट धपाउनु पर्छ ।
किसानहरू चीललाई लखेट्छन् र लखेट्दै गुँड भएको ठाउँमा पुग्छन्।
छिटो काट्न रूख, उता काम छोडेर आइयो, यो रूख ढलाइ सकेपछि फर्केर आजै धान रोपी सक्नु पर्छ ।
रोक्नुऊऊऊऊ ऊऊऊस् !!!
चराको गुँड भत्काउनु हुँदैन। अनि तपाईहरू मेरो घरको रुख काट्न पनि पाउनुहुन्न।


हामी आज झण्डै सहयोगी किसानले गर्दा बाच्यौं। हामीले उहाँले लगाएको गुण बिर्सिने छैनौँ।
केहि महिना पछि।
साथीहरू धान पाक्यो।
खेतको धान सबै मुसाले सखाप पारेको हन्छ ।
यसै सिलसिलामा सबै किसानहरू भेला हुन्छन् तर सहयोगी किसान (सोम लाल) भने आएको हुँदैनन् ।


(अचम्म पर्दै!) कसरी तिम्रो अन्नबाली बचेको हँ ?
तिमीले जुन चीललाई लखेट्दै थियौ नि, हो त्यही चीलले यहाँ भएका सबै मुसा, किराहरू मारेर खान्छ।
तर यसले त कुखुरा, हाँस पनि खाइदियो होला तिम्रो, हैन?
यो तपाईंको गलत बुझाई हो। यो चीलले त मुसा, भ्यागुता, सर्प, साथै धान मासिदिने अरू साना चराहरू खान्छन्।


त्यो कुरा सुनेपछि लालु राम किसान पछुताउँछन् ।
उनी केही नबोली फर्कन्छन् ।
एक दिन बाटोमा हिँड्दै गर्दा, सर्पले लालु राम किसानलाई टोक्न खोज्छ
त्यत्तिकैमा भाले चील आएर बचाउँछ।
मलाई माफ गरिदेऊ चील।
ठिकै छ नि, मैले माफ गरिदिएँ। त्यो त अन्जानमा गरेको गल्ती होनी।


त्यसपछि उनी आफ्नो घर पुग्छन्।
मुसाले अन्नबाली नष्ट गर्दिएकोले अब बाँकी अन्न बली बचाउन भएनी कीटनाशक औषधि प्रयोग गर्छु ।
उनी खाना खाएर सुत्छन्।
केही बेरमै. भाले चील उनको खेतमा जान्छ।
चीलले मुसाहरु छोप्दछ । विषयुक्त मूसा भएकोले चीललाई मुसा खाएपछी......
चील छट्पटाउँदछ र मर्छ।


अचानक लालु रामको निन्द्रा खुल्छ ।
उनी हतारिदै बाहिर हेर्छन् ।
मैले त सपना पो देखेको रहेछु। कस्तो नराम्रो सपना!
बिहान पख उनी सहयोगी किसानको घर जान्छन् ।
चीलहरूलाई शकुसल देख्दा रमाउँछन्।
तिमीले मलाई हिजो सर्पबाट बचायौ साथी। भन म तिम्रो लागि के गरिदेऊ ?
सक्छौ भने हाम्रा लागि बोलिदेऊ साथी । हामी अझै संकटमा पर्न जाने विविध मानवीय कारकहरूमा प्रतिबन्ध लगाउन प्रयत्न गर्नुहोस्। जस्तै.......


■ अनियन्त्रित वनजङ्गल फडानी रोक्ने,
■ खेत बारीमा अत्याधिक रसायनिक मल तथा विषादीको प्रयोग नगर्ने,
■ वनमा जथाभावी आगो नलगाउने
■ प्रजनन मौसममा गुँड नजिक गई बाधा नपुर्याउने,
■ हाम्रो वासस्थानमा प्रतिकूल असर पर्ने गरी विकासका कार्य नगर्ने।
त्यसपछि उनी गाउँलेहरूलाई चील सम्बन्धी सकारात्मक जनचेतना जगाउने काम गर्छन्।
म पनि सहमत छु है अब त।
लघु महाचील किसानका साथी
बल्ल ठिक कुरा गर्यौ नी
हामी सबैले त लघु महाचीलको संरक्षण गर्नाका निम्ति हातेमालो गर्यौं, अनि तपाई नि ?
....समाप्त....

## आभार

यो कार्टुन पुस्तक तयार गर्दा हामीले धेरै मानिसहरूबाट सहयोग र प्रोत्साहन पाएका छौं । रचनात्मक सुझाव र समीक्षाको लागि डा. हेमसागर बराललाई हामी धन्यवाद तथा हार्दिक आभार व्यक्त गर्दछौं । यस पुस्तकलाई अझ राम्रो भाषा बनाउन र समीक्षाको लागि रेबेका गुरुङलाई विशेष धन्यवाद दिन्छौं ।

हामी नेपाल पन्छीविद संघ, नेपाल शिकारी चरा संरक्षण कार्यक्रम, पेरेग्रीन फण्ड र केन्या बर्ड अफ प्रे ट्रस्टलाई सहयोगको लागि हार्दिक प्रशंसा गर्दछौं ।

यस किताब तयार गर्न सुरुवात देखी अन्त्य सम्म निरन्तर सहयोग र सल्लाह प्रदान गर्नुहुने मिलन बराल, संजीव आचार्य, डा. राल्फ बुइज, साइमन थोमसेट, डा. मुनिर जेड. भिरानी र पेगी पार्कर लाई बिशेष धन्यवाद दिन्छौं । अन्त्यमा, लघु महाचील संरक्षण परियोजना–सञ्चालनको लागि आर्थिक सहयोग गर्नुहुने मुख्य दाता रफर्ड फाउन्डेसनलाई विषेश धन्यवाद ज्ञापन गर्दछौं ।


The Rufford Foundation
www.rufford.org
THE PEREGRINE FUND
Conserving Birds of Prey Worldwide
Kenya Bird of Prey Trust
NRCP
NEPAL RAPTOR
conservation program
Himalayan Nature